


**Population:**
1,044,500 (2000)
1,282,000 (2010)
1,574,100 (2020)

**Countries:** China, India, Nepal, Bhutan, Switzerland, Taiwan, USA, Norway, France, Australia, United Kingdom, New Zealand

**Buddhism:** Tibetan

**Christians:** 200

## संक्षेप:

**जनसंख्या:**
चीन : १०,६५,०००
भारत : ९९,०००
नेपाल : २,५००
भुटान :४,५००
स्विट्जरल्यान्ड :८,१००
also found in Taiwan, USA, Norway, France, Australia, United Kingdom, New Zealand, Pakistan (PeopleGroups.org & Joshua Project)

**उपभाषाहरू:** ५
**बुद्ध धर्म:** ९८%
**इसाई धर्म:** ०.१%
**बाइबल:** छ
**येशू चलचित्र:** छ
**सुसमाचारियरेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**




करिब १०,६५,००० जना मध्य-तिब्बतीय भाषा बोल्ने मानिसहरू ल्हासा र त्यसको वरिपरि भएको जिल्लाहरूमा बसोबास गर्छन्। यो सहर विगतका शताब्दीहरूमा पर्यटकहरूले खोज्ने कुनै पनि सुन्दरता नभएको सहर थियो। यो ठाउँ फोहोरले भरिएको गल्लीहरू, याकको हड्डीहरू र छालाहरूलाई खाँदै गरेको कुकुरहरू, र चीलहरूले भरेको थियो; तर वर्तमान समयहरूमा एकदमै सुन्दर र सफा सहरको रूपमा परिवर्तन भएको छ।

तिब्बतीहरू सबै एउटै जाति हो र आफ्नो बीचमा कुनै पनि जातीय विभाजन छैन भनी मान्छन्, र जातिको रूपमा छुट्याउने कुरालाई विरोध गर्छन्, तापनि तिब्बतको नागरिकताले यिनीहरूलाई भाषाको आधारमा विभिन्न जातिको रूपमा छुट्याएको छ। मध्य-तिब्बती भाषामा पाँच वटा प्रान्तीय बोलीहरू छन्।

तिब्बतीय बुद्ध धर्म तिब्बतीहरूलाई जीवन दिने रगतको रूपमा छ। तिब्बतीय बुद्ध धर्म मन्त्र तन्त्र, मरिसकेको मानिसहरूको आत्मालाई पूजा गर्नु र बलि चढाउनु भन्ने कुराहरूलाई आधारको रूपमा मानेको बोन धर्मसँग मिसिएको धर्म हो।

धेरै वर्षहरूदेखि नै तिब्बत राष्ट्र इसाईत्वको एउटा चुनौतीको रूपमा रहँदै आएको छ। "तिब्बतमा




गएर मानिसहरूलाई उद्धारमा डोऱ्याउनुचाहिँ सिंहको गुफाभित्र गएर त्यसको बच्चालाई खोस्नु सरह हो भनी हडूसन टेइलरले भन्नुभएको छ। आजको दिनहरूमा एक अथवा दुई वटा सङ्गतिहरू गुप्त रूपमा ल्हासामा चलिरहेका छ। तिब्बतीहरूको बीचमा सुसमाचार सुनाउन प्रयास गर्ने चिनियाँ इसाईहरूले, लामाहरूको कठोर विरोधलाई सामना गर्न परिरहेको छ। सन् १९८८ देखि यता कम्तीमा पाँच जना सुसमाचार प्रचारकहरू ढुङ्गाले हानेर मारिए।"